अर्जुनधारा नगरपालिका

# नगर कार्यपालिकाको बैठक

बैठक संख्या : २२/०७८/०७९

अध्यक्षता : नगर प्रमुख हरिकुमार राना

मिति : २०७८/०१/२६

उपस्थिति :

| दर्जा | नाम थर | दस्तखत |
|---|---|---|
| प्रमुख | श्री हरिकुमार राना | |
| उप प्रमुख | श्री कमला खतिवडा आचार्य | |
| वडा अध्यक्ष, वडा नं.१ | श्री गजाधर खतिवडा | |
| वडा अध्यक्ष, वडा नं.२ | श्री रघुनाथ खनाल | |
| वडा अध्यक्ष, वडा नं.३ | श्री जीवकुमार भण्डारी | |
| वडा अध्यक्ष, वडा नं.४ | श्री दुर्गा प्रसाद दाहाल | |
| वडा अध्यक्ष, वडा नं.५ | श्री ध्यानबहादुर भारती | |
| वडा अध्यक्ष, वडा नं.६ | श्री लोकनाथ गौतम | |
| वडा अध्यक्ष, वडा नं.७ | श्री नवराम ढुंगाना | |
| वडा अध्यक्ष, वडा नं.८ | श्री गोपीचन्द्र गौतम | |
| वडा अध्यक्ष, वडा नं.९ | श्री पुष्प कुमार प्रसाई | |
| वडा अध्यक्ष, वडा नं.१० | श्री बलदेव सिंह गोम्देन | |
| वडा अध्यक्ष, वडा नं.११ | श्री भैरवबहादुर खड्का | |
| कार्यापालिका सदस्य | श्री खिनमान दास | |
| कार्यापालिका सदस्य | श्री दिलमाया दास | |
| कार्यापालिका सदस्य | श्री दिलिप गुरुङ्ग | |
| कार्यापालिका सदस्य | श्री रमेश कुमार दर्जी | |
| कार्यापालिका सदस्य | श्री सकुन्तला बराल | |
| कार्यापालिका सदस्य | श्री शारदाकुमारी भट्टराई | |
| कार्यापालिका सदस्य | श्री हरिमाया भण्डारी | |
| कार्यापालिका सदस्य | श्री लक्ष्मी तामाङ्ग | |
| नि.प्रमुख प्रशासकीय अधिकृत | श्री तोयानाथ रेग्मी | |
| लेखा अधिकृत | रामचन्द्र घिमिरे | |
| अधिकृत | चूडामणि निरौला | |
| | | |

मिति २०७८/०१/२६ गतेको अर्जुनधारा नगर कार्यपालिकाको बैठकका निर्णयहरु

मिति २०७८ बैशाख २६ गते आइतबार बसेको अर्जुनधारा नगर कार्यपालिकाको २५-०७७/७८ को बैठकबाट देहाय बमोजिमका निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

१. मिति २०७७/०१/०५ गतेको कार्यपालिकाको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्था र प्रगतिका सम्बन्धमा छलफल तथा समिक्षा गर्नुका साथै संघ प्रदेश तथा जिल्लाबाट प्राप्त परिपत्र सर्कुलरहरुको बारेमा जानकारी भयो ।

२. मिति २०७७/०१/२६ गते बसेको **CCMC** बैठकको निर्णयहरुका सम्बन्धमा आजको कार्यपालिका बैठकमा जानकारी भई उक्त समितिबाट कार्यान्वयनका लागि सिफारिस भएका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

३. मिति २०७८ साल ज्येष्ठ मसान्त सम्म सम्पन्न हुने किसिमका तर हालसम्म सम्झौता हुन बाँकी रहेका योजनाहरुका लागि मिति २०७८ ज्येष्ठ १५ गतेसम्म सम्झौता गर्ने गरी म्याद थप गर्न योजना शाखालाई जानकारी गराउने । ( योजना शाखा )

४. दलित समुदायसँगको सहभोज शीर्षकमा विनियोजन भएको रु. २ लाख रकम रकमान्तर गरी उच्च शिक्षा अध्ययनरत दलित समुदायकै गरिव तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्तिको रुपमा वितरण गर्ने व्यवस्था मिलाउने निर्णय गरियो । ( शिक्षा / योजना शाखा )

५. वडा नं. ६ का लागि क्षमता अभिवृद्धि शीर्षकमा वडाबाट छुट्याईएको रु. २ लाख रकम वडा समितिकै सिफारिस र निर्णय अनुसार छाताचोक उत्तर पुष्पलाल चोक सम्मको कालोपत्रे सडक निर्माणको लागि वडा कार्यालयको माग अनुसार हुने गरि कालोपत्रे निर्माण शीर्षकमा रकमान्तर गर्ने । ( योजना शाखा )

६. वडा नं.९ अन्तर्गत अन्धुवा खोला मूल पैनी मुहान मर्मत संभारका लागि रु.२ लाख आगामी आर्थिक वर्षमा भुक्तानी गर्ने गरि स्रोत सुनिश्चित गर्ने निर्णय गरियो । ( योजना शाखा )

७. शनिश्चरे अस्पतालमा ज्यालादारीमा कार्यरत तपसिल अनुसारका ३ (तीन) जना कर्मचारीहरुको २०७७ पौष महिनादेखि भुक्तानी हुन बाँकी त.भ. भुक्तानीको व्यवस्थाका लागि आर्थिक प्रशासन शाखा र स्वास्थ्य शाखालाई जानकारी गराउने निर्णय गरियो । ( आर्थिक प्रशासन / स्वास्थ्य शाखा )

<u>निम्न</u> :

| | | |
|---|---|---|
| १. निलम बस्नेत | - | का.स. |
| २. सुरेन्द्र चाम्लिङ्ग | - | सुरक्षा गार्ड |
| ३. डिल्लीराम खतिवडा | - | सुरक्षा गार्ड |

८. अ.न.पा .५ मा भूक्षय नियन्त्रणका लागि विनियोजन भएको रु.२ लाख ५० हजार र कार्यपालिकाको मिति २०७७/०९/१७ गतेको बैठडको निर्णयानुसार राजन गिरी मार्गको डिभाइडरमा फुलबारी निर्माण शीर्षकमा विनियोजन भएको रु.१ लाख समेत गरी जम्मा रकम रु. ३ लाख ५० हजार वडा नं. ५ स्थित लक्ष्मीपुर चोक हाइवे उत्तरको बाटो प्रगति मार्ग मुसीचोक दक्षिणको बाटो मर्मत शीर्षकमा आगामी नगर सभाबाट अनुमोदन गर्ने गरी रकमान्तर गर्ने निर्णय गरियो । ( योजना शाखा )

९. वडा नं. ५ मा निर्माणाधीन ज्येष्ठ नागरिक चौतारी निर्माणका लागि साहारा नेपाल चारपानेबाट लागत साझेदारीमा रकम प्राप्त भई निर्माण कार्य शुरु भईसकेकोमा वडाले बेहोर्नु पर्ने रकम रु. २ लाख आगामी आ.व. को वडा कै बजेट शीर्षकबाट भुक्तानी गर्नेगरि स्रोत सुनिश्चित हुने व्यवस्था मिलाउने निर्णय गरियो ।( योजना शाखा )

१०. निर्माण कार्य सम्पन्न हुने अन्तिम चरणमा रहेका वडा कार्यालयहरुको भवनको काम सम्पन्न गर्ने सन्दर्भमा हाल सम्म कार्य संचालन नभएका तर निर्माणको लागि रकम विनयोजन भएका वडाहरुको बजेट शीर्षकबाट रकमान्तर गरि निर्माणको अन्तिम चरणमा रहेका वडा कार्यालयहरुको भुक्तानीको व्यवस्था मिलाउने र आगामी आ.व.को पौष मसान्त सम्म वडा कार्यालयको निर्माण सम्पन्न गराउने । **योजना /अर्थिक प्रशासन शाखा**

११. अर्जुनधारा नगरपालिका वडा नं.३ का मानबहादुर समाल समेत ४(चार) विपन्न घर परिवारलाई खानेपानीको व्यवस्थापनका लागि निजहरुको मिति २०७८/१/१८ को आर्थिक सहयोग उपलब्ध गराई पाउँ भन्ने माग निवेदन अनुसार खानेपानीको (ईनार) व्यवस्थापन गर्न लगत स्टिमेट बमोजिम १(एक) इनार निर्माणका लागि भएको ल.ई. को ५० प्रतिशतले हुन आउने रकम खानेपानी शीर्षकमा विनियोजित भएको रकम मध्येबाट भुक्तानी गर्ने निर्णय गरियो । ( योजना शाखा )

१२. मिति २०७८/०१/१६ गतेको वडा कार्यालयको निर्णय वमोजिम अ.न.पा.१० स्थित रमेश ओझाको घर छेउमा निर्माण हुने भनिएको कल्भर्टको स्थान परिवर्तनन गरि कालिकास्थान-धाईजन सडक खण्ड अन्तर्गत पर्शुराम कटुवालको घर छेउमा स्थानान्तरण गर्न वडा समितिको निर्णयको प्रतिलिपि सहित माग भई आएकोमा माग अनुसार योजना स्थानान्तरण गर्न अनुमति दिने निर्णय गरियो ।(योजना /प्राविधिक शाखा )

१३. यस अर्जुनधारा नगरपालिका क्षेत्र भित्रका व्यक्तिहरुलाई वितरण गर्ने गरी पाँच हजार थान सर्जिकल मास्क तथा अ.न.पा-४ स्थित अर्जुनधारा न.पा.को आइसोलेशन सेन्टरका लागि १०(दश) थान अक्सिजन सिलिण्डरका लागि प्रति सिलिण्डर रु.आठ हजारका दरले जम्मा रकम रु. असी हजार धरौटी रकमको व्यवस्था मिलाउने अ.न.पा.- ८ निवासी समाजसेवी सुधा गट्टानीलाई हार्दिक धन्यवाद सहित आभार प्रकट गर्ने निर्णय गरियो ।

१४. नगर सभाबाट ११ वटै वडाहरुमा ५५ कि.मि.सडक ग्राभेल गर्न विनियोजन भएको सतहत्तर लाख रकमबाट (प्रत्येक वडामा रु सातलाखका दरले ) सबै वडाहरुमा ५ कि.मि. का दरले सडक ग्राभेल गर्नका लागि आईई.ई. स्वीकृत भएको क्षेत्रबाट (सुखानी, नेते, गोयाङ्ग) नदिजन्य सामाग्री उत्खनन् र ढुवानी गर्न सम्वन्धित वडा समितिहरुलाई जिम्मा दिई उपभोक्ता समिति मार्फत मिति २०७८ जेष्ठ २ गते भित्रमा योजना संझौता गरि योजना संचालन गर्ने । नदिजन्य सामाग्री उत्खखनन् गर्न मेशिनरी औजार लगायतको व्यवस्थापन गर्नका लागि उत्खनन स्थल पर्ने सम्वन्धित वडाहरुलाई जिम्मेवारी दिई सो उत्खनन कार्यका लागि भएको खर्चको भुक्तानी उपभोक्ता समितिहरुले सम्वन्धित वडासँग समन्वयमा लिने व्यवस्था मिलाउने । ( योजना/प्राविधिक शाखा )

अर्जुनधारा नगरपालिकाको कार्यालय
नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा
१ नं. प्रदेश, नेपाल

२०७८/१/२०

हरी कुमार राना मगर
नगर प्रमुख

१५. प्रारम्भिक वातारणीय प्रतिवेदन (आ.ई.ई.)अनुसार यस नगरपालिका क्षेत्र भित्रका नदिहरुबाट (सुखानी नेते गोयाङ्ग ) प्रतिवेदनमा उल्लेख भए बमोजिमको परिमाणको नदिजन्य सामग्री उत्खनन् गरि आन्तरिक विकास निर्माणका काममा प्रयोग गर्ने साथै तोकिएका उत्खनन् गरिने स्थाहरुको अनुगमन तथा निरीक्षणको लागि प्राविधिक शाखालाई जिम्मेवारी दिने । (प्राविधिक शाखा )

१६ वडा नं २ को वडा कार्यालय भवन तथा वडा नं १ को साकम्वरी मन्दिरको जलाशय निर्माणको म्याद यहि २०७८ साल जेष्ठ मसान्त सम्म निर्माण सम्पन्न गर्नेगरि म्याद थप गर्ने निर्णय गरियो ।(योजना शाखा )

१७. अ.न.पा. २ गाँजाबारी मिश्रटार खानेपानी उपभोक्ता समिति, सहारा नेपाल र अर्जुनधारा नगरपालिकाको संयुक्त लगानीमा संचालन हुने खानेपानी आयोजनाको लागि संझौता अनुसार न.पा .तर्फ सिर्जना भएको दायित्व आगामी आ.व. मा भुक्तानी गर्ने निर्णय गरियो । (योजना शाखा)

१८. सहकाले खानेपानी आयोजनाको मुहान मर्मत गरि खानीखोलामा मुहान स्थापना गर्न खानेपानी आयोजना अ.न.पा. २ को माग निवेदन अनुसार साविकमा विनियोजन भएको रकम अपुग भएको भन्ने सम्वन्धमा उक्त योजनाको वास्तविक लागत र अन्य दातृ संस्थाहरुबाट पनि सो आयोजनाको लागि अनुदान सहयोग प्राप्त भए नभएको यकिन गरि प्राप्त नभएको भए उक्त आयोजनाको प्रविधिक ल.ई.तयार गरी प्रतिवेदन पेश गर्न प्रविधिक शाखालाई निर्देशन दिने ।(प्रविधिक शाखा /योजना शाखा )

१९. वडा नं ३ को झेलेनी सिमलचोकमा रहेको क्वारेन्टाईनलाई न्युनतम ५० वेडको प्रि आईसोलेसनको रुपमा निर्माण गर्ने साथै प्रि आईसोलेसनमा बस्ने बिरामी तथा कर्मचारीहरुको लागि आवश्यक खाजा खाना को समेत व्यवस्था मिलाउने निर्णय गरियो ।( स्वास्थ्य/जिन्सी शाखा)

२०. अ.न.पा. ३ स्थित कैंदले पर्या पर्यटन स्थलमा निर्माणाधिन कल्भर्टको स्ल्याब निर्माणका लागि ल.ई.बमोजिमको रकम भुक्तानी गर्ने निर्णय गरियो ।(योजना शाखा)

२१ प्रमुख प्रशासकीय अधिकृत महेन्द्रकुमार खाम्याहाङ्ग हाल उपचारार्थ अस्पताल भर्ना हुनुभएकोले स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम घर नक्सा सम्बन्धी प्रमुख प्रशासकीय अधिकृतबाट हुँदै आएका सम्पूर्ण कामहरु प्रमुख प्रशासकीय अधिकृत कार्यालयमा उपस्थित नहुन्जेल सम्मको अवधिको लागि अधिकृत छैठौं डेनजनी आचार्यलाई जिम्मेवारी दिने निर्णय गरियो ।(प्राविधिक शाखा)

२२. यस अर्जुनधारा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेन्द्रकुमार खाम्याहाङ्ग लगायत कोभिड-१९ बाट संक्रमित भई हाल उपचारार्थ अस्पताल भर्ना हुनु भएका तथा होम आइसोलेशनमा रहनु भएका सम्पूर्ण नगरवासीको शीघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो ।

२३. उपरोक्त निर्णयहरु सर्वसंम्मत रुपमा पारित गर्दै अहिलेको यस विषम परिस्थितिबाट सबै जना सुरक्षित र सजग रहदै कार्यपालिकाबाट भएका निर्णयहरु कार्यान्वयनमा लैजाने साथै कोभिड १९ को नयाँ भेरियन्टको रोकथामको लागि सबैले जन स्वास्थ्यका मापदण्ड कडाईकासाथ पालन गर्ने निर्णय गरियो ।

अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, धनिस्चरे, झापा, १ नं. प्रदेश, नेपाल

२०७८/१/२५

हरी कुमार राना मगर
नगर प्रमुख